# क्रीडा साहित्यका सन्दर्भमा पूर्ण राईको 'जय-विजय' कथा

- डा सोनाम शेर्पा

गोरुबथान सरकारी महाविद्यालय

**सार-** 'क्रीडा'को शाब्दिक अर्थ खेल हो। यस शब्दलाई संस्कृत भाषाको स्त्रीलिङ्गी शब्द मानिन्छ। एउटा सङ्गठित, प्रतिस्पर्धात्मक तथा प्रशिक्षित शारीरिक गतिविधि जसमा प्रतिबद्धता तथा निष्पक्षता रहन्छ त्यसलाई क्रीडा तथा खेल भनिन्छ। वास्तवमा क्रीडा भन्नाले मन बहलाउनाका निम्ति गरिने क्रिया, खेल आदि भन्ने बुझिन्छ। क्रीडा अथवा खेललाई मानव शरीरको औषधि मानिन्छ। यसले शरीरमा उत्पन्न हुने विभिन्न रोग, विकार, कुभावना, कुविचार आदिको हरण गर्दछ। यसैले क्रीडा साहित्य सम्पूर्ण नेपाली साहित्यमा एउटा नयाँ विषय हो। यसको अवधारणा र सैद्धान्तिक आधार नेपाली साहित्यमा पूर्ण रूपमा स्थापित भइसकेको पाइँदैन। क्रीडा साहित्य भनेको 'स्पोर्ट्स लिटिरेचर' होइन। यसले विविध खेलहरूको विवरण प्रस्तुत गर्ने हुनाले 'गेम लिटरेचर' भन्न सकिन्छ। कतिपय विद्वान्हरूले क्रीडा साहित्यलाई 'खेलपरक साहित्य' पनि भनेका छन्। क्रीडा तथा खेल मनोरञ्जनको विषय मात्र नभएर शिक्षाको विषय पनि हो। यसर्थ प्रस्तुत शोधपत्रमा भारतीय नेपाली कथाकार पूर्ण राईका 'जय-विजय' कथाका सन्दर्भमा क्रीडा साहित्यको विश्लेषण गरिएको छ।

**बीज शब्द**- क्रीडा, क्रीडा साहित्य, पूर्ण राई, जय-विजय कथा, भारतीय नेपाली कथा

## १ क्रीडा शब्दको अर्थ र परिचय

'क्रीडा' संस्कृत भाषाको स्त्रीलिङ्गी शब्द हो। 'क्रीड' धातुमा 'अङ्' अनि 'टाप्' प्रत्यय लागेर बनिएको क्रीडा शब्दको व्यत्पतति 'केली'बाट भएको मानिन्छ। क्रीडालाई 'खेल' शब्दकै पर्याय मानिन्छ। कल्लोल⟶कलोल⟶किलोल⟶खेल हुँदै 'क्रीडा' शब्दको उत्पत्ति भएको मानिन्छ (आप्टे, इ सं १९६९, पृ-३१२)। यसका साथै क्रीडा शब्द ग्रिसेली 'कोमोस' शब्दबाट व्युत्पन्न भएको मानिन्छ। कोमोसको अर्थ ग्रिसेली भाषामा उत्सव मनाउनु तथा कुनै हास्यपूर्ण खेल खेल्नु भन्ने हुन्छ। यसर्थ क्रीडालाई नेपालीमा खेल भनिन्छ। यसलाई खेलकुद, आमोदप्रमोद, विलास, मनोविनोद, परिहास, गेम आदि भनिने गरिन्छ। **नेपाली बृहत् शब्दकोश**मा मन बहलाउन वा समय काट्नका निम्ति गरिने कुनै पनि मनोरञ्जक कामकुरा, खेल, आमोदप्रमोद आदि भनी यसलाई अर्थ्याइएको पाइन्छ (पराजुली, इ सं २०१८, पृ-२५७)। खेलको अर्थ मनोरञ्जन हो। क्रीडा तथा खेल कुनै नियम एवम् रीति-रिवाजद्वारा सञ्चालित हुने एउटा प्रतियोगी गतिविधि हो। यसमा प्रतियोगी तथा खेलाडीहरूका शारीरिक क्षमतालाई प्राथमिकता दिइन्छ। यसर्थ एउटा सङ्गठित, प्रतिस्पर्धात्मक तथा प्रशिक्षित शारीरिक गतिविधि जसमा प्रतिबद्धता तथा निष्पक्षता रहन्छ त्यसलाई क्रीडा तथा खेल भनिन्छ।

क्रीडाको शाब्दिक अर्थ खेल नै हो। यस शब्दको प्रयोग पौराणिक युगदेखि नै भएको पाइन्छ। पुराकथाहरूमा द्यूत क्रीडाको बखान पाइन्छ। वेदमा पनि द्यूत क्रीडाका कुरा छन्। वेदमा 'अक्षैर्मादिव्य' भनिएको छ। यसको अर्थ जुवा नखेल भन्ने हो। वेद पढेका युधिष्ठिरले हस्तिनापुरमा गएर जुवा खेले। धेरै वेद पढेका भीष्म पितामहले टुलुटुलु हेरिरहे। यो वास्तवमा सत्ताको खेल थियो। यसर्थ क्रीडा भन्नाले मन बहलाउनाका निम्ति गरिने कार्य, खेल आदि पनि बुझिन्छ।

हिन्दी साहित्यका लेखक रमेश दबेको विचार अनुसार हारलाई पनि जित मानिने भावना नै खेल हो, खेलको आत्मा पनि यही हो (भारद्वाज, इ सं २०१२, पृ-१२)। यसर्थ खेलमा हार कुनै दर्शकका निम्ति निराशा बने तापनि खेलाडीका निम्ति भने स्थित प्रज्ञा बन्ने गर्दछ। खेललाई मानसिक र शारीरिक सन्तुलन मानिन्छ। यसर्थ भारतका पहिलो प्रधानमन्त्री जवहारलाल नेहरूले इ सं १९५१-मा आयोजित एसिया ओलम्पिकमा खेललाई खेलका भावनाले खेल्नु पर्छ भनेका थिए (भारद्वाज, इ सं २०१२, पृ-१३)। क्रीडा भनेको कुनै पनि कार्य जसमा नियम तथा संरचना हुन्छन् अनि जुन आनन्द प्राप्ति तथा शिक्षा प्रदानका लागि खेलिने गरिन्छ। संस्कृतमा ‘मनश्शान्तये कर्मः क्रीडा (मनको शान्ति नै क्रीडा हो)’ भनिएको पाइन्छ।

## २ क्रीडा साहित्यको अवधारणा

मानिस आफ्ना जीवनमा कुनै कुनै अवस्था, समय र उमेरमा मनोरञ्जन गर्न चाहने प्राणी हो। यसैले क्रीडा साहित्यको सम्बन्ध मानिसका जीवनसित नङ् र मासुजस्तै रहेको मान्न सकिन्छ। क्रीडा अथवा खेललाई मानव शरीरको औषधि मानिन्छ। यसले शरीरमा उत्पन्न हुने विभिन्न रोग, विकार, कुभावना, कुविचार आदिको हरण गर्दछ। विशेष गरेर खेलले शरीरका मांशपेशी, रक्त सञ्चार, सहन शक्ति, नैतिकता, शौर्य, साहस आदिको विकास गर्नामा ठुलो सहयोग गर्दछ। अधिकतर खेलहरू समूहमा खेलिन्छ। क्यारम, बाघचाल, खोप्पी, पतङ्गबाज आदि खेलहरू एक्लै खेलिए पनि संसारका प्रसिद्ध खेलहरू प्राय: समूहमा नै खेलिने प्रचलन छ। जस्तै – हक्की, फुटबल, क्रिकेट आदि। यी खेलहरूले खेलाडी र दुई देशबिच प्रेम, मैत्री तथा एकताको भावना उत्पन्न गराउँदछ। यसले मानिसमा स्फूर्ति उत्पन्न गराउँछ भने आलास्य पनि भगाउँछ।

शरीर र मन दुवैलाई एकै साथ जोड्ने कार्य केवल क्रीडाले मात्र गर्दछ। कुनै पनि खेलका निम्ति शरीर र मस्तिष्क दुवैको सामाञ्स्य हुनु अति नै आवश्यक पर्दछ। यसका साथै संयम, धैर्य, महत्त्वकांक्षा, एकाग्रता खेलमा हुनु पर्दछ। खेलले व्यक्ति तथा खेलाडीहरूमा सदैव जित, उत्साह, उमङ्गजस्ता मनोभाव उत्पन्न गराउँदछ। कुनै पनि खेलमा खेलाडीले खेल उपकरणप्रति पनि ध्यान दिन जरुरी छ। यसका अभावमा खेलाडी कुनै ठुलो दुर्घटनामा पर्न सक्छ। विभिन्न खेलका आआफ्नै उपकरणहरू हुन्छन्। जस्तै – फुटबल खेलका उपकरण गोली, दलवस्त्र (जर्सी), जुत्ता, मोजा, घुँडादानी, पञ्जा आदि हुन्।

क्रीडा साहित्य भनेको स्पोर्ट्स लिटिरेचर होइन। यसले विविध खेलहरूको विवरण प्रस्तुत गर्ने हुनाले गेम लिटरेचर भन्न सकिन्छ। कतिपय विद्वान्हरूले क्रीडा साहित्यलाई खेलपरक साहित्य पनि भनेका छन्। क्रीडा तथा खेल मनोरञ्जनको विषय मात्र नभएर शिक्षाको विषय पनि हो कारण कुनै पनि खेलमा विजय प्राप्त गर्दा केवल खेलाडीले मात्र विजय प्राप्त गर्दैन। उसका एकाग्रता, मैदान, लगाउ, अभ्यास, प्रशिक्षक र देशले नै जित प्राप्त गर्दछ। यसर्थ खेल विषयक लेखिने साहित्यलाई क्रीडा साहित्य भन्न सकिन्न। क्रीडा साहित्यले केवल खेलको इतिहास, विवरण र जानकारी मात्र पाठकलाई दिँदैन। यस साहित्यलाई खेलाडीहरूका प्रेरणाको स्रोत पनि मान्न सकिन्छ। क्रीडा साहित्यले पैदल दौड, खेलकुद पर्यटन, फुटबल केन्द्र आदिको विकासमा पनि ठुलो सहयोग पुऱ्याउँदछ। क्रीडा साहित्यले खेलाडीको जीवन कथा पाठक सामु पस्किने कार्य गर्दछ भने ती पाठकहरूमा खेलप्रति अभिरुचि र लगाउ पनि बढाउने कार्य गर्दछ।

## ३ क्रीडा साहित्यको लेखन परम्परा

साहित्यलाई समाजको दर्पण मानिन्छ। यसले सामाजिक, धार्मिक, शैक्षिक, राजनैतिक, बौद्धिक, आर्थिक आदि विषयहरू रहने गर्दछन्। यस्तै विविध विषयहरूमध्ये क्रीडा तथा खेल पनि एउटा हो। भारतीय समाजमा पौराणिक युगमा अक्षक्रीडा, पासा, शतरञ्ज, जलक्रीडा, चौसार, अक्ष, धनु, मलखम, रथदौड, घोडादौड आदि खेल खेलिन्थे। यी खेलहरूको वर्णन प्राचीन धार्मिक ग्रन्थ **ऋग्वेद**, **रामायण**, **महाभारत** आदिमा माइन्छ। पहिले सारा सृष्टिलाई भगवान्कै क्रीडा मैदान मानिन्थ्यो। बालकहरू बालक्रीडा खेल्थे, किशोरहरू डन्डीबियो खेल्थे। वृद्धहरू बाघचाल खेल्थे भने राजा, शासक र ठुलबडाहरू सिकार खेल्थे। मध्ययुगीन भारतमा सिकार, कुश्ती आदि खेल प्रिय हुँदै आए। आधुनिक भारतीयय समाजमा भने खेल जगत्मा पारम्परिक र क्षेत्रीय खेल निकै मौलाएर गएको पाइन्छ। धोपखेल (असम), वल्लमकली (केराला), उँट दौड (राजस्थान), सिलाम्बम (तमिलनाडु), पतङ्गबाज (पञ्जाब), खोप्पी (दार्जिलिङ पहाड) आदि खेलहरू खेलिने गरिन्थ्यो। यो कतिपय खेलहरू आज पनि आधुनिक भारतमा लोकप्रिय पारम्परिक खेलका रूपमा खेलिने गरिन्छ।

भारतीय समाजमा मानिसको बौद्धिक र अन्य क्षेत्रहमा विकास भए पछि खो खो, कबड्डी, हक्की, क्रिकेट, ब्याडमिन्टन, टेनिस, बेसबल, बास्केटबल, भलिबल, फुटबलजस्ता अन्तर्राष्ट्रिय खेलहरू आधुनिक समयमा लोकप्रिय हुँदै आएको देखिन्छ। यी खेलहरू भारतका केरल, उत्तर प्रदेश, तमिलनाडु, असम, नागाल्यान्ड, मेघालय, पञ्जाब, तेलङ्गाना, आन्ध्रप्रदेश, मणिपुर, मिजोरम, पश्चिम बङ्गाल आदि राज्यहरूमा स्वतन्त्रता दिवस, गणतन्त्र दिवस साथै विभिन्न क्षेत्रीय उत्सवहरूमा खेलिने गरिन्छ।

क्रीडा साहित्यको लेखन पूर्वीय साहित्यमा पौराणिक कालदेखि नै भएको पाइन्छ। संस्कृत भाषाका महाकवि कालीदासले आफ्नो कृति **कुमार सम्भव** महाकाव्यमा भकुन्डो खेलबारे बयान गरेका छन्। यस महाकाव्यमा बालिका पार्वतीले हिमालयमा हिउँको भकुन्डो खेलेको वर्णन पाइन्छ। यसलाई सात्विक क्रीडा वर्णन मानिन्छ। यसरी भकुन्डो खेललाई **कन्दुकक्रीडा** पनि भनिने गरिन्छ। हिन्दी साहित्यका लेखक प्रेमचन्दले शतरञ्ज, गिल्ली डन्डा (डन्डीबियो) आदि खेललाई लिएर कथा लेखेका पाइन्छन्। इ सं १८८०-मा जन्मिएर इ सं १९३६-मा देहान्त हुने कथाकार प्रेमचन्द प्रारम्भमा उर्दू भाषाका लेखक थिए (प्रधान, इ सं १९९५, पृ-२०)। पछि **प्रताप** पत्रिकाका सम्पादक गणेश शङ्करको प्रयत्नमा हिन्दी भाषामा लेख्न सुरु गरे पछि **मानसरोवर**, **कफन**, **प्रेम प्रमोद** जस्ता कथा सङ्ग्रह र 'कात्रो', 'ईदगाह', 'परीक्षा' जस्ता राम्रा कथाहरू लेखे। प्रेमचन्दको **डण्डी-बियो** कथामा मैदान, कोर्ट, नेट, गोली आदि केही खेल उपकरणको आवश्यकता नपर्ने केवल कुनै रुखको हाँगा काटेर डन्डा बनाई दुईजना साथी मिलेर खेलिने रोमाञ्चक खेलको वर्णन पाइन्छ। यस कथामा 'म' पात्र र उसका साथी गया चामरले बाल्यकालमा डन्डीबियो खेल खेलेको वर्णन खुबै रोचक ढङ्गमा प्रस्तुत गरिएको छ। यस कथामा बियो हेर्दा एउटा सानो काठको टुक्रा तर त्यहाँ दुनियाँभरिका मिठाइको रसभन्दा धेर आनन्द हुन्छ भनिएको छ।

क्रीडा जगतका **षट्कार**, **स्पोर्ट्स स्टार** आदि खेल जगत विषयक पत्र-पत्रिका हुन्। यी पत्र-पत्रिकामा खेल विषय विविध रचनाहरू प्रकशित हुने गर्दछ। वर्तमान भारतमा खेल साहित्यबारे पञ्जाबी लेखक स्वर्णसिंह, खेल लेखक लाभसिंह संधू, नवदिप सिंह गिल, द्वारकानाथ संझगिरी, शिरीष कणेकर, बाल पण्डित, बिमल तिवारी, महेन्द्र

चालिसे आदिले खेल साहित्यको जगेरा गरिरहेका छन्। उत्तर प्रदेशका लेखक बिमल तिवारीले 'खेल' कवितामा खेलबारे यस्तो लेखेका छन् –

खेल में नहीं होता हैं कोई हिन्दू मुसलमान
खेल में नहीं होता है उँचा नीचा महान्
खेल हैं सद्भावना मिल जाता हैं जिसमें सभी
खेल में बन जाता हैं इंसान बस इंसान।

(तिवारी, इ सं २०२०)

यसरी नै हिन्दी साहित्यका कथाकार जैनेन्द्र कुमारले आफ्नो 'खेल' कथामा एउटी बालिकाको जीवनलाई आधार बनाएर खेलबारे वर्णन गरेका छन्। हिन्दी साहित्यका लेखक रमेश दबेले आफ्नो उपन्यास **खेलगुरु**मा खेललाई राजनैतिक आँखाले हेरेका छन्। यस उपन्यासमा नायिका वसुधाद्वारा लङ् जम्प खेलबारे वर्णन गरिएको छ। यसरी नै बङ्गला साहित्यका **आनन्द बजार पत्रिका**का खेल पत्रकार मति नन्दीले फुटबल खेलबारे **स्ट्राइकर** र तैराकी खेलबारे **कोनी** उपन्यास लेखेका छन्।

इ सं २०१९ मा भारतको नयाँ दिल्लीमा दुई दिवसीय खेल महोत्सव आयोजित भएको थियो। १४ डिसम्बरदेखि सुरु भएको यो महोत्सव एसिया महादेशकै पहिलो र सबैभन्दा विराट खेल साहित्य महोत्सव मानिन्छ। यस महोत्सवमा भारतीय र अन्तर्राष्ट्रिय खेल जगत्का महान खेलाडी र खेलप्रेमी साहित्यकारहरूले अंश ग्रहण गरेका थिए। यसै महोत्सवमा खेल विषयक इङ्ल्यान्डका स्पिनर मोन्टी पनेसरद्वारा लिखित पुस्तक **द फुल मोन्टी** र अस्ट्रेलियाका लेखक सेक्सटनद्वारा लिखित पुस्तक **बार्डर्स बैटलर्स** पनि विमोचन गरिएको थियो। यी दुवै कृति खेलबारे लेखिएका कृति मात्र हुन्, क्रीडा साहित्य भने होइन।

## ४ नेपालीमा क्रीडा साहित्य लेखनको परम्परा

नेपाली साहित्यमा क्रीडा तथा खेललाई आधार बनाएर साहित्य सिर्जना अघिदेखि नै भएको पाइए तापनि यस थरी साहित्यबारे अध्ययन गरिने कार्य भने भएको धेरै भएको छैन। हिन्दी र बङ्गला साहित्यमा क्रीडाबारे पहिलादेखि नै धेरै कृतिहरू लेखिएका पाइन्छन्। तर नेपाली साहित्यमा भने क्रीडाबारे कृतिहरू लेखिएको धेरै भएको छैन। प्राथमिक र माध्यमिक कालीन नेपाली साहित्यमा क्रीडालाई आधार बनाएर कृतिहरू प्राय: लेखिएका पाइँदैनन्। आधुनिक कालमा आएर मात्र नेपाली लेखकहरूले क्रीडाबारे कृति लेखेका पाइन्छन्।

नेपाली क्रीडा साहित्यको पृष्ठभूमि केलाउँदा लोकगीतहरूमा यस प्रवृत्तिको लेखन बाँचेको, मौलाएको र फस्टाएको पाइन्छ। नेपाली लोक गीतहरूमा क्रीडाका विविध छटाहरू पाइन्छन्। उदाहरणका निम्ति निम्न गीतहरू लिन सकिन्छ –

क) अम्बल डम्बल खैरे पान।
ख) हरबर हरबर तोरीको फूल।
ग) इन्टुमिन्टु पल्टनमा।
घ) यति यति पानी, घग्गे रानी।

ङ) ची मुसी ची।

उपर्युक्त लोकगीतहरू वास्तवमा बाल खेल गीतहरू हुन्। यी गीतहरूमा शिशु तथा बालबालिकाहरूले खेल्ने अम्बल-डम्बल, कित-कित, ठुनी, गट्टी, ढिप गोली, धुर्रा, चुङ्गी, ढिकिच्याउँ, गट्टा, लुकामारी, रुमाल चोर आदि खेलहरूको वर्णन पाइन्छ। मूल रूपमा मानिसका जीवन खेलसँगै सुरु हुँदछ।

'ची मुसी ची
तिम्रो दाजु, मेरा दाजु
माछा मार्न गए
माछा मारी ल्याए
ढुङ्गामा सुकाए
चीलले लग्यो हा..।'

क्रीडालाई नै आधार बनाएर नेपाली साहित्यमा रचना सिर्जन गर्ने कार्य भने आधुनिक कालदेखि मात्र विशेष रूपमा भएको पाइन्छ। नेपाली साहित्यका लेखक लेखनाथ पौड्याल, पारसमणि प्रधान, शिवकुमार राई, तुलसी अपतन, राजनारायण प्रधान, जगत् छेत्री आदिले क्रीडाबारे कथा, कविता, निबन्ध, लेख आदि लेखेका छन्।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'पृथ्वी भकुन्डो', लेखनाथ पौड्यालको 'साहित्यको फुटबल', तुलसी 'अपतन'को 'साहित्यिक होली' आदि कविता, शिवकुमार राईको 'बाजी', सानु लामाको 'रम्मीमा सिक्वेन्स', विजय बान्तावाको 'सुसाइट गोल', पूर्ण राईको 'जय-विजय', 'आघातजस्तो एउटा आघात' आदि कथाहरू, राजनारायण प्रधानको 'मेलाटारमा फुटबल हेर्न जाँदा' निबन्ध, हायमनदास राई 'किराँत'को 'सट्टाफेर' कथा आदिमा विविध खेलहरूको वर्णन पाइन्छ।

लक्ष्मीप्रसाद देवकोटाले 'पृथ्वी भकुन्डो' कवितामा फुटबल खेलबारे वर्णन गर्दै मानव बाँच्ने यस पृथ्वीलाई एउटा भकुन्डो मानेका छन्। फुटबल खेल्दै जसरी खेलाडीहरू एक दलले विरोधी पोस्टमा र अर्को दलले प्रतिद्वन्द्वीको पोस्टमा गोल दाग्नका लागि भकुन्डो हुर्‍याउँछन्, त्यसरी नै मानिसहरू लडीबडी गर्दै जीवनको भकुन्डो खेल्छन् भन्ने उनले ठानेका छन्। कवि भन्छन् –

भकुन्डो पृथ्वीको लडीबडी गराई फननन
दिंदो लात्तीपात्ती दिन दिन घुमाई छिनछिन।
सधैँ पूर्वै फैँक्दो दिन दगुरिने पश्चिम गरी
भकुन्डो खेल्नेको कुन दिन छ अड्ने कुन हरि?

(देवकोटा, इ सं २००१, पृ-४४)

यसरी नै कवि लेखनाथ पौड्यालको 'साहित्यको फुटबल' कवितामा साहित्यरूपी फुटबल खेलको वर्णन पाइन्छ। प्रस्तुत कवितामा नेपाली साहित्यकारहरू कोही फर्वर्ड, कोही ब्याक, कोही रेफ्री भएर नियम, नीति, सिद्धान्त

र पद्धतिअनुरूप नेपाली साहित्यको फुटबल खेलको चित्रण गरेका छन्। तर कवि लेखनाथ हावा तथा कवित्व छैन भने गोली र कविता दुवै गुड्न सक्दैन भन्दै यसो भन्छन् –

भाषाको छ विशाल चौर जसमा गर्दै ठुलो तर्खर
भै कोही फरवार्ड, रेफरि कुनै ब्याकिङ् र गोल्कीपर।
खेल्दै छौ फुटबल बालक सबै साहित्यको बेसरी
हावा छैन परन्तु भित्र उसमा गुड्दैन केही गरी।।

(पौड्याल, इ सं १९९१, पृ-२९)

शिवकुमार राईको ‘बाजी’ कथामा ‘बाघचाल’ खेलको वर्णन खुबै सुन्दर रूपमा गरिएको पाइन्छ। यस कथाका नायक ऐतेले गाउँको चौतारामा कर्दले खोपेर बनाएको बाघचाल, ढुङ्गाको बाख्रा र कोइलाको बाघ बनाएर खेलेको बाघचाल उसका साथी वीरेसित खेलेको वर्णन पाइन्छ। कथामा यसो भनिएको छ – “गाउँको दोबाटोमा चौतारो थियो। चौतारोमा बाघचाल ऐते आफैले कर्दले खोपेर बनाएको थियो। अरू केही नपाए ती दुई दिनभरि ढुङ्गाका बाख्रा र कोइलाका बाघसित खेलिरहन्थे (राई, इ सं १९९१, पृ-५३)।” यसका साथै प्रस्तुत कथामा नक्कल, फलास, सिरेल, छपछपे आदि तास खेल र सोह्र कौडी खेलको पनि चर्चा पाइन्छ।

यसरी नै सिक्किमका कथाकार सानु लामाको ‘रम्मीका सिक्वेन्स’ कथामा क्यारम खेल र रम्मी नामक तेह्र पत्ती बाँडिने तास खेलको खुबै सुन्दर वर्णन पाइन्छ। यस कथामा मानव जीवनलाई नै एउटा खेल मानेर मानिसले जीवनमा केही जित्न पाउनु भनेको रम्मीमा सिक्वेन्स मिल्नु जस्तै हो भनिएको छ। तासमा भएको अङ्कको क्रमिकता मिलेन भने जीवन पनि भातभुङ्ग हुन्छ, सिक्वेन्स नमिलेको जस्तो हुन्छ भन्ने कथाकार लामाको आशय छ। क्यारम खेलमा सानोतिनो गोटी छिराए पनि जबसम्म रातो रानी गोटी छिराइँदैन, तबसम्म जित प्राप्त हुँदैन। रानी पचाउनाका निम्ति पहिला रानी छिराएर आफ्नो रङ्को सानो गोटी पचाउनु पर्छ। यस कथामा धीरजले क्यारम खेल्दा रानी पचाए पनि खेल भने जित्दैन। यसैले जित्नु मात्र पनि सबै कुरो होइन, खेल्नु तथा भाग लिनु नै जीवनको ठुलो उपलब्धि हो भन्ने कथाको भाव रहेको छ।

निमा छिरिङ् शेर्पाको इ सं १९६३-मा **जीवनको नयाँ मोड** कथा सङ्ग्रह प्रकाशित छ। उनी भारतेली नेपाली साहित्यमा त्यति चर्चामा नआए तापनि उनको यस कथा सङ्ग्रहमा सङ्ग्रहित ‘आलेबुङको घोडा दौड’ कथालाई क्रीडा साहित्यका सन्दर्भमा लेखिएको एउटा उत्कृष्ट कथा मान्न सकिन्छ। यस कथामा कथाकार शेर्पाले कालेबुङमा भएको घोडा दौड प्रतियोगिताको सुन्दर वर्णन गरेका छन् । इ सं १९७०-मा प्रकाशित प्रेम योञ्जनको **जीवनको पाइला** कथा सङ्ग्रहमा ‘मान्छे मार्ने बाजी’ कथा सङ्ग्रहित छ। पनि कथाकार योञ्जनले मानिसलाई हत्या गर्नका निम्ति मानिसले नै के कस्तो बाजी लगाउँछन् भन्ने देखाएका छन् ।

नुवाकोटका कवि सन्तोष सरिलले ‘खेलाडी’ कवितामा खेलबारे राम्रो वर्णन गरेका छन्। उनले यस कवितामा खेलको महिमा र उद्देश्यबारे यसरी वर्णन गरेका छन् -

हरेक सफलताको जस
हरेक असफलताबाट पाठ
प्रत्येकले स्विकार्छन्
मैदानको गरिमा बढाउन
उत्कृष्ट प्रदर्शनका लागि
मिल्छन् मिलेर गन्तव्य चुम्छन्।

यसरी नै 'म हुँ एक राष्ट्रिय खेलाडी' कवितामा खेलबारे नेपालका कवि बी के खातीले यस्तो लेखेका छन्-

म हुँ एक, नेपाली राष्ट्रिय खेलाडी
म खेल्छु खेल, मेरै राष्ट्रका लागि
क्रिकेट, फुटबल, भलिबल वा होस् बास्केटबल
म खेल्छु र जित्छु, मेरै राष्ट्रका लागि।

यसरी नै शान्तदास मानन्धरद्वारा रचित 'एउटा घटना' शीर्षक कथामा अहिलेका विद्यालय स्तरका विद्यार्थीहरूको अध्ययन र खेल दुवैको मनोवैज्ञानिक चित्रण गरिएको पाइन्छ। यस कथाका पात्र विजयले तन, मन लगाएर पढ्छ। पढाइजस्तै उसले खेल पनि तन मन लगाएर खेल्छ। उसले पढाइसँगसँगै दुवैमा प्रगति गरेको छ।

यसका साथै खेलाडीहरूका जीवनलाई आधार बनाएर पनि नेपाली साहित्यमा धेरै लेख, रचनाहरू सिर्जना गरिएका छन्। जगत् छेत्रीको 'कालो मोती', 'चन्दनसिंह रावत', 'भाइचुङ भोटिया' आदि।

नेपाली समाजमा घुर्रो, डिपगोली, गुच्चा, झुम्रे गोल, गट्टी, भली, टप्पु, डबलटिङ, ओखर, ह्वाकऱ्याङ, खोप्पी, रुमाल लुकाइ, लुकीछुपी (लुकिडुम), सोइसोएला, भालेजुधाइ, चुरोटका खोलको कित्ता बनाएर खेल्ने खेल 'जिती' आदि विभिन्न खेलहरू खेलिने गरिन्छ। यस अतिरिक्त आज भौतिक खेलहरूसँगसँगै प्रविधिको प्रयोगपश्चात् विकसित ब्रिक गेम, मारियो, निड फर स्पिड टु, जिटिए भाइस सिटी, एज अव् अम्पायर्स, फ्ल्यास गेम, क्यान्डी क्रस, पब्जी आदि खेलहरू पनि खेल्ने गरिन्छ।

## ५ 'जय-विजय' कथामा फुटबल खेल

'जय-विजय' पूर्ण राईद्वारा लिखित मनोवैज्ञानिक कथा हो। प्रस्तुत कथा इ सं १९९८-मा प्रकाशित **जय-विजय** कथा सङ्ग्रहमा सङ्ग्रहित छ। यस कथामा कथाकार राईले नेपाली जातिका प्रिय खेल लात्ते भकुन्डो वा फुटबलबारे वर्णन गरेका छन्। नेपाली जातिलाई खेलप्रेमी जाति मानिन्छ। परापूर्व कालदेखि नै यस जातिले विभिन्न पौराणिक, क्षेत्रीय, अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका खेलहरू खेल्दै आइरहेका छन्। तीमध्ये एउटा फुटबल खेल हो। अधिकांशको रोजाइमा पर्ने प्रिय खेलहरूमध्ये एउटा फुटबललाई मानिन्छ। यस खेललाई खेलहरूको राजा पनि भनिन्छ।

कुनै पनि खेल प्राय: समूहमा खेलिने गरिन्छ। समूहमा खेलिने विभिन्न खेलहरूमध्ये एउटा लात्ते भकुन्डो पनि एउटा हो। लात्ते भकुन्डो खेललाई मुख्य आधार बनाएर लेखिएको प्रस्तुत कथामा दुईवटा दलमाझको हार र जितलाई कथाकारले खुबै सुन्दर ढङ्गमा चित्रण गरेका छन्। फुटबल खेल विश्वमा सबैभन्दा पहिले प्राचीन चिनबाट सुरु भएको मानिन्छ। इस्वी पूर्व ३०० वर्षतिर चिनियाँ सैनिकहरूले कुजू नामक खेल खेले पछि विश्वमा फुटबल खेल खेलिन सुरु भएको हो (भिजकारा, वि सं २०७३, पृ-४)। चिनियाँ भाषामा कुजूको अर्थ 'भकुन्डो हान्नु' हुन्छ। तर फुटबलको आधुनिक र व्यवस्थित स्वरूप निर्माण इ सं १८६३-देखि मात्र भएको हो। त्यसै वर्षदेखि इङ्ल्यान्ड फुटबल एसोसिएसनको गठन भयो। इ सं १८७२-मा इङ्ल्यान्ड र स्कटल्यान्डबिच पहिलो अन्तर्राष्ट्रिय खेल भएको थियो (भिजकारा, वि सं २०७३, पृ-५)। आधुनिक फुटबलको सुरुवात भने बेलायतबाट भएको मानिन्छ। इ सं १५८१-मा लन्डनका स्कुलमा फुटबल खेल्न प्रारम्भ गरिए पछि बेलायती उपनिवेशसँगै बिस्तारै फुटबल खेल विश्व प्रसिद्ध बन्न पुगेको हो। भारतमा भने इस्ट इन्डिया कम्पनीको राज्य सञ्चालनसँगै फुटबल खेलको प्रारम्भ भएको मान्न सकिन्छ।

नेपालमा फुटबलका जन्मदाता नरशमशेर राणालाई मानिन्छ भने भारतमा अङ्ग्रेजलाई नै मानिन्छ। हाम्रा गाउँ घरहरूमा खेलिने विभिन्न खेलहरूमा विशेष महत्त्व लात्ते भकुन्डोलाई मानिसहरूले दिने गर्छन् साथै चाख लिएर पनि हेर्ने गर्छन्। यस कथामा पनि कुनै एउटा गाउँमा सम्पन्न भएको लात्ते भकुन्डो खेलको चुडान्त खेललाई आधार गरिएको छ। फुटबल खेललाई अङ्ग्रेजीमा फुट (खुट्टा वा पद) र बल (भकुन्डो) भनिन्छ। यसलाई सकर पनि भनिन्छ। यो संसारकै लोकप्रिय खेलहरूमध्ये एउटा हो। यो एउटा सामूहिक खेल हो र यसलाई ११/११ खेलाडीहरूको दुईवटा समूहबिच खेल्ने गरिन्छ। फुटबललाई सामान्यत: एउटा आयताकार घाँस वा कृत्रिम घाँस भएको मैदानमा खेलिन्छ जसको अन्तिममा एउटा गोलपोस्ट हुन्छ। कथामा कुनै एउटा गाउँको खेल मैदानबिचमा खेलाडीहरू लात्ते भकुन्डो खेलको फाइनल खेलका निम्ति तयार रहँदा गाउँका सबै मानिसहरू खेलको आनन्द लिन आएका हुन्छन्। प्रस्तुत कथाका प्रमुख पात्र लामा बाबु अनि सहायक पात्र चाहिँ कान्छा पिउन हुन्। लामा बाबु कार्यालयको साहेब र कान्छा चाहिँ त्यही कार्यलायको पिउन हुन्छ। यसैबिच लामा बाबु र कान्छा पिउन पनि आफ्नो दललाई उत्साह, जोस र उमङ्ग दिन तीन बजी दफ्तर छुट्टी दिएर आइपुग्छ। निर्णायकले लामो सिटी फुकेपछि खेल सुरु हुन्छ। मानिसहरू आआफ्नो दललाई समर्थन गर्दै, खेलको मनोरञ्जन लिँदै कराउन, उफ्रन थाल्छन्। लामा बाबु एक तर्फ र कान्छा पिउन अर्को तर्फ हुन्छन्। खैल खेल्दै जाँदा कता कता खेल मैदानमा समर्थकहरू सबै एकअर्कामा युद्ध गरे झैँ अनुभव हुन्छ। यसै बिच लामा बाबुको दलले कान्छा पिउनको दलका एकजना खेलाडीलाई धकेली पठाउँछ। खेलको जोसमा आएर कान्छा पिउन पनि "ऐ ! ऐ ! घचेट्छस् ? त्यसलाई निकालिदे, निकालिदे !" भन्दै कराउँछ।

लामा बाबुले यसो हेर्दा आफ्नै दफ्तरको कान्छा पिउन हुन्छ। यो वाक्य सुनेर लामा बाबु पनि रिसले क्रोधित हुन्छ। खेल सञ्चालन भइरहँदा लामा बाबुका पक्षको खेलाडी र कान्छा पिउनका विपक्षको खेलाडीबिच गोली खोसाखोस हुँदा दुवै दलले आफ्ना आफ्नै दलको पक्ष लिँदै विपक्षीका खेलाडीप्रति गाली, अपशब्दहरु बर्साउन थाल्छन्। यसैबिच कान्छा पिउन "ऐ ! खेल्नु सक्तैनस् , घचेट्छस् ? बरु निक्लि!" भन्दै कराउँछ। यो वाक्य सुनेर लामा बाबुलाई घाउमा नुन छर्केको अनुभव हुन्छ र ऊ पनि “ऐ मुख छ भन्दैमा जतासुकै नबोल, तैले निक्लि भन्दा निक्लिन्छ र, नाच्न जान्दैन आँगन टेँडो !” भन्दै उफ्रन थाल्छ।

यसरी लामा बाबु र कान्छा पिउनले आआफ्ना पक्ष र विपक्षका दुई दलबिच खेलाडीलाई समर्थन गर्ने जोसमा उत्तेजित भएर होस हराएर गाली, अपशब्द, नराम्रा वाक्यहरूको सानो युद्ध नै हुन्छ। यसरी खेल अन्त हुन्छ। यस लात्ते भकुन्डो खेलमा लामा बाबुका दलको विजय हुन्छ भने कान्छा पिउनको पराजय हुन्छ। यसरी कसैको जय र कसैको पराजय भए पनि लामा बाबु र कान्छा पिउन भने मनमा ठुलो ग्लानी लिएर, मन खल्लो पारेर घर फर्कन्छन्। घरमा पुगेर पनि उल्टो आआफ्ना स्वास्नीहरूले दुवैलाई झगडा गरेका कुरामा कराउँदै मानसिक तनाउ बढाइदिन्छन्।

भोलिपल्ट बिहान सदा जस्तै लामा बाबु दफ्तरमा पुग्छ, कान्छा पिउन आएको हुँदैन। उसले कसैका हातमा पत्र पठाएर बिदा मागेको हुन्छ। यस घटनाले त अझ लामा बाबुमा पश्चातापको ज्वाला झन् बढ्छ। दुवै एकै कार्यलयमा काम गर्ने, मिल्ने साथीहरू सरह हुन्छन्। तर लात्ते भकुन्डोको जोसले गर्दा आज दुवैजना शत्रु समान बन्नु परेको छ। यसर्थ लामा बाबुले कान्छा पिउनलाई भेट्न जाने निर्णय गरेर आधा किलो मिठाई किनी घर जान्छ। कान्छा पिउनले भेट्न भनी हिडेका लामा बाबु गेटमा मात्र पुकेको हुन्छ कान्छा पिउन पनि गेटमा नै आइपुग्छ। कान्छा पिउनले अत्तालिँदै "सर! माफ गर्नुहोस्। भूल भयो!” भन्छ। यतिकैमा लामा बाबुले पनि तँ पो नरिसा न भन्दै कान्छालाई धाप मार्छ र दुवै जना घरभित्र जान्छन्। लामा बाबुले मिठाईको पोको कान्छा पिउनको हातमा थमाई दिन्छ अनि कोठामा बसेर दुबै भलाकुसारी गर्दा गर्दै मनका पश्चातापको आगो निभाउन थाल्छन्।

## ६ निष्कर्ष

क्रीडा साहित्य सम्पूर्ण नेपाली साहित्यमा एउटा नयाँ विषय हो। यसको अवधारणा र सैद्धान्तिक आधार नेपाली साहित्यमा पूर्ण रूपमा स्थापित भएको पाइन्न। खेल जगत् र खेललाई लिएर लेखिएको साहित्यलाई क्रीडा साहित्य भनिए तापनि यसो भन्दा साहित्यको क्षेत्र फैलिनाको साटो अझ साँगुरिएर जाने सम्भावना पनि देखिन्छ। हुन त नेपाली साहित्यमा चियाबारी साहित्य, कृषि साहित्य, वाहन (ट्रक) साहित्य आदिको अवधारणा पनि स्थापित भइसकेको छैन। तर कुनै पनि कुराको सिद्धान्तलाई स्थापित गर्नु हो भने क्रीडा साहित्यको अवधारणा पनि स्थापित हुन सक्छ।

प्रस्तुत कथाले ग्रामीण क्षेत्रमा हुने लात्ते भकुन्डो खेलको महत्त्व, मूल्यका साथै नेपाली जनमानसमा यस खेलप्रतिको उत्साह, उमङ्ग, स्फूर्ति आदिको पनि महिमा गाएको छ। खेलमा अवश्य नै जय पराजय हुन्छ। यस जय पराजयको द्वन्द्वले दुवै दलका खेलाडी, समर्थक र दर्शक दीर्घालाई समाएको हुन्छ। कसले जित्छ र कसले हार्छ भन्ने कौलुहल दर्शकवर्गमा अवश्य हुन्छ। तर प्रस्तुत कथामा भने लामा बाबु र कान्छा पिउनले जोसमा होस गुमाउँदा एउटै कार्यलयमा लामो समयदेखि सँगै काम गर्ने परिवार, मित्र समान मानिसहरूमा फाटो आउन पुगेको छ। लामा बाबुलाई बडा बाबु भनेर दफ्तरमा सम्बोधन गर्ने कान्छा पिउनले खेलमा गाली गरिपठाउँछ भने आफू भन्दा तल्लो ओहोदाको पिउन कान्छाले सारा मानिसका सामु लामा बाबुलाई गाली पनि गरिपठाउँछ। मानिसले जोसमा होस हराउँछ भन्ने कुरो यस कथामा कथाकारले लामा बाबु र कान्छा पिउनका माध्यमले देखाउन चाहेका छन्। तर यस संसारको जीवनरूपी विविध खेलमा मानिसले कहिले हार त कहिले जित अनुभव गरे पनि मानवता, भातृत्व, भाइचारा, सदाचार भन्ने कुरा कहिले भुल्नु हुँदैन भन्ने पनि कथाको मूल आशय छ। यसैले जय पराजयको जीवनरूपी युद्धमा अन्त्यमा गएर लामा बाबु र कान्छा पिउन दुवैको कथामा विजय भएको छ। अत: प्रस्तुत कथालाई खेलकुदपरक वा

खेलकुदमूलक कथा मान्न सकिन्छ। कथाकारले यस कथामा लात्ते भकुन्डो खेलको तनमयताजन्य आवेगलाई सुन्दर रूपमा वर्णन गरेका छन्।

## सन्दर्भ


अल्डरमेन आर बी, इ सं १९९४, **खेल में मनोवैज्ञानिक व्यवहार**, लन्डन, डब्ल्यु बी सॉन्डर्स कम्पनी

आप्टे वामन शिवराज (सम्पा), इ सं १९६९, **संस्कृत-हिन्दी कोष**, दिल्ली, मोतीलाल बनारसीदास

देवकोटा लक्ष्मीप्रसाद, इ सं २००१, **सुनको बिहान**, ललितपुर, साझा प्रकाशन

नेपाल घनश्याम, इ सं २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास,** सिलगडी, एकता बुक्स हाउस

पराजुली कृष्णप्रसाद (सम्पा), इ सं २०१८, **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान

पौड्याल लेखनाथ, इ सं २००५, **लालित्य**, भाग – १, ललितपुर, साझा प्रकाशन

प्रधान राजनारायण (सम्पा), इ सं १९९५, **कथा सागर**, सामसिङ, प्रतिभा प्रकाशन

भारद्वज भारत (सम्पा), इ सं २०१२, **पुस्तक-वार्ता**, अङ्क-३९, वर्धा, महात्मा गान्धी अन्तराष्ट्रिय हिन्दी विश्वविद्यालय

भिजकारा नताशा, इ सं २०१६, **फुटबल : विश्वको प्रिय खेल**, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र

राई शिवकुमार, इ सं १९९१, **यात्री**, दार्जिलिङ, श्याम ब्रदश प्रकाशन

राई असित, इ सं २००४ **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन

श्रेष्ठ अविनाश (सम्पा), इ सं २००७, **आधुनिक भारतीय नेपाली कथा**, ललितपुर, साझा प्रकाशन

सिंह भूपिंदर, इ सं २००४, **खेल समाजशास्त्र : एक भारतीय परिप्रेक्ष्य**, दिल्ली, मित्र प्रकाशन